# नेपाल मगर विद्यार्थी संघ केन्द्रीय समिति

आदर्णिय आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु,

झोर्ले, जेढो, सिमिङ्मेपाऊ साथै मगरात अभिवादन ।

नेपाल प्रकृती र पर्यावरणका हिसावले जती स्वर्णिम र सुन्दर छ, उति नै सुन्दरता थपेका छन् यँहाका अरु विविधताले । बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक लगायतका विविधताले भरिपूर्ण छ नेपाल । थरिथरिका जाती, जात अनुसारका अनेक भेषभुषा, चालचलन, रितीरिवाज, संस्कार संस्कृतीले सम्पन्न छ । यसले सिंगो देशलाई रंगिन बनाएको छ । यही रंगिन, सुन्दर देश नेपालमा पृथक पहिचान बोकेको समुदाय हो मगर ।

जनसंख्याको हिसाबले देशकै तेश्रो ठुलो र आदिवासी जनजातीहरुमध्ये सबै भन्दा धेरै संख्या मगर जातीको छ । आफ्नो भाषा, धर्म, संस्कार, संस्कृती रितीरिवाज सहितको गौरवशाली ईतिहास छ । मगर समुदाय खाम/पाङ(अठार मगरात), ढुट(बाह्र मगरात) र काईके(डोल्पामा मात्र बोलिने लोपउन्मुख अवस्थामा रहेको) गरी तीन प्रकारको भाषा बोल्दछन् । सांस्कृतिक रितीरिवाज चेली र कुटुम्बबाट चलाउने मगर जाती धर्मिक विश्वासका हिसावले भुमी, वायु, जल, जंगल जस्ता प्रकृतिक सम्पदाहरुलाई पुज्ने भएकोले प्रकृती पुजकसंग नजिक छौं । पाल्पा, गण्डक, धौलागिरी र राप्ति आदिम थलो भएता पनि हाल ७७ वटै जिल्ला, भारतको देहरादुन, दार्जलिङ्ग, सिक्किम लगायत संसारभर मगरहरु छरिएर रहेका छन् ।

ईतिहासका कालखण्डमा पछि फर्केर हेर्दा मगरात आदिम भुमीलाई केनद्रबिन्दु बनाएर विभिन्न राज्यहरुमा मगरहरुले शासन गर्दै आएका थिए । गारखाको लिगलिग कोटका भगर राजा मानसिं खड्का मगरलाई षड्यन्त्रपूर्वक हत्या गरी राज्यसत्ता खोसिएपछि मगर राज्यको अस्तित्व समाप्त भएको ईतिहास सर्वविदितै छ । आफ्नो अधिकार खोसिएको कालो ईतिहास आफ्नो सामुन्ने हुँदाहुँदै पनि पृथ्विनारायण शाहको तथाकथित भौगोलिक एकिकरणमा सबैभन्दा बढि बलिदानी मगर समुदायले दिएको छ । अँग्रेज-नेपाल युद्ध, नेपाल-भोट युद्ध लगायत देशलाई देशलाई संकट परेको बेला सधैं मगर समुदायले रगत पसिना बगाएको छ । जहाँनिया राणा शासनको विरुद्ध जनताको आवाज उठाउँदै गर्दा प्रथम शहिद क्याप्टेन लखन थापा मगर लगायत २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, १० वर्षे माओवादी युद्ध, २०६२/०६३ सालको जनआन्दोलन, आदिवासी जनजाती आन्दोलन, किनाराकृत समुदायको पहिचानको आन्दोलनमा मगर समुदायकै सबै भन्दा धेरै योगदान रहेको छ । यसका बाबजुत मगर समुदायको गौरवशाली ईतिहासलाई राज्यको नीतिद्वारा नै गुमनाम बनाईएको छ । कथित भौगोलिक एकिकरण र एक भाषा, एक धर्म, एक पहिचानको नीतिले सबै भन्दा बढी मगर समुदायलाई नै मार परेको छ । २०७८को जनगणना अनुसार कुल मगरको ४५ प्रतिशतले मगरले मात्र मातृ भाषा बोल्दछन् । मगर भाषा बोल्ने संख्या क्रमशः घट्दो क्रममा छ । गुमनाम रहेको हाम्रो गौरवशाली ईतिहासलाई उजागर गर्नका लागी हराउदै गरेको मगर पहिचानको संरक्षण गर्दै समृद्ध मगर समुदायका लागी हामी सबै एकजुट हुन जरुरी छ ।

सधै राज्यबाट उपेक्षित हुदै आएको मगर समुदायको ईतिहासको पुनर्लेखन गर्दै मौलिक पहिचान जगेर्णा गर्ने र अधिकारका लागी लड्ने, विश्वभर छरिएर रहेका मगरहरुलाई एकत्रित गर्ने उद्देश्यले २०१२ सालमा मगर संघसंस्था स्थापना हुन आरम्भ भएता पनि २०३९ साल फागुन १५ गते तनहुँको दमौलीमा नृपाल मगर संघ -तत्कालिन नेपाल लाङ्घाली परिवार संघ) स्थापना भएपछि बृहत रुप लियो

। नेपाल मगर संघ सम्पूर्ण मगरहरुको एकमात्र साझा सामाजिक संगठन हो । नेपाल मगर संघको भातृ संस्थाको रुपमा २०५१ फागुन २७ गते दाङको घोराहीमा राम बहादुर श्रीस मगरको अध्यक्षतामा नेपाल मगर विद्यार्थी संघको स्थापनाा भएको थियो । स्थापनाकाल देखि नै हरेक सामाजिक, राजनीतिक तथा परिवर्तनका अभियान र आन्दोलनमा संघले अग्रणी भुमिका निर्वाह गर्दै आएको छ । संघको स्थापना पछि हालसम्म ७ प्रदेश, ६७ जिल्ला, ७ वटा विश्वविद्यालय तथा एक हजार भन्दा बढी क्याम्पस, मा.वि. प्राविधिक शिक्षालयमा संगठन बिस्तार भएको छ । विद्यार्थी आन्दोलन, अभियानका हिसावले यो बृहत्तर एकता, देशव्यपी सञ्जाल र शक्ति एक महत्वपूर्ण ऐतिहासिक उपलब्धि हो ।
संघको ऐतिहासिक विकाक्रममा २०५३ असोज २४,२५ र २६ गते पोखरामा सम्पन्न प्रथम राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा राम बहादुर श्रीस मगर चुनिनु भयो । २०५६ मंसिर २४, २५ र २६ गते काठमाण्डौमा सम्पन्न दास्रो राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष राम बहादुर थापा मगर, २०५९ माघ २५, २६ र २७ गते काठमाण्डौमा सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष झकेन्द्र घर्तीमगर, २०६२ पौष १० र ११ गते काठमाण्डौमा सम्पन्न चौथो राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष भोजबिक्रम बुढा मगर, २०६४ पौष १४, १५ र १६ गते बागलुङमा सम्पन्न पाचौं राष्ट्रिय महाधिवेशनबाट पुनः भोजबिक्रम बुढा मगर, २०६६ माघ ८ र ९ गते पाल्पाको तानसेनमा सम्पन्न छैठौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा माधव कुमार दर्लामी मगर, २०६८ माघ १३, १४ र १५ गते तनहुँको दमौलीमा सम्पन्न सातौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा रेणुका काउचा मगर, २०७० माघ १६,१७ र १८ गते कास्कीको पोखरामा सम्पन्न आठौं राष्ट्रिय महाधिवेशनबाट दिपा आले मगर, २०७३ माघ १५,१६ र १७ गते मोरङमा सम्पन्न नवौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा कमल थापा मगर, २०७५ फागुन २३, २४ र २५ गते कीर्तिपुरमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा बिष्णु कुमार थापा मगर र २०७९ माघ ०७ र ०८ गते रुपन्देहीको बुटवलमा सम्पन्न ११औं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा चित्र बहादुर पुलामी मगर चुनिएको ईतिहास छ । साथै संघको महाधिवेशन हुने वर्षहरुमा सांगठनिक जिवन्तताको निम्ति २०५४ मंसिर २७ र २८ गते झापाको बिर्तामोडमा प्रथम राष्ट्रिय विस्तारित भेला, २०५५ मंसिर २६ र २७ गते कैलालीको धनगढीमा दोस्रो राष्ट्रिय विस्तारित भेला, २०५७ पौष ५ र ६ गते उदयपुरको गाईघाटमा तेस्रो राष्ट्रिय विस्तारित भेला, २०६० फागुन २७ र २८ गते बाँकेको नेपालगञ्जमा चौंथो राष्ट्रिय विस्तारित भेला, २०६३ फागुन ४ र ५ गते मकवानपुरको हेटौंडामा पाँचौ राष्ट्रिय विस्तारित भेला, २०६५ माघ ११ र १२ गते दाङको घोराहीमा छैठौं राष्ट्रिय विस्तारित भेला, ०६७ फागुन २७ र २८ गते सिन्धुलीको सिन्धुलीगढीमा सातौं राष्ट्रिय विस्तारित भेला, २०६९ फागुन २६ र २७ गते बाँकेको नेपालगञ्जमा आठौं राष्ट्रिय विस्तारित भेला, २०७१ माघ १६ र १७ गते दाङको घोराहीमा नवौं राष्ट्रिय विस्तारित भेला, २०६४ फाल्गुन ४ र ५ गते नारायणगढ चितवनमा दशौं विस्तारित भेला, २०७७ फाल्गुन २७ र २८ गते स्याग्दीको बेनीमा एघारौं राष्ट्रिय विस्तारित भेला र २०८० फाल्गुन २७ र २८ गते महोत्तरीको बर्दिबासमा १२औं राष्ट्रिय विस्तारित भेला सम्पन्न भईसकेका छन् ।
किनारीकृत समुदायको अधिकार, समानता र पहिचानको आन्दोलनको जबरजस्त हिस्सा नेपाल मगर विद्यार्थी संघको १२ औं राष्ट्रिय महाधिवेशन “वैज्ञानिक, व्यवहारिक र समावेशी संघिय शिक्षा प्राप्तिका लागी हाम्रो आन्दोलन, आदिवासी विश्वविद्यालय स्थापनार्थ १२औं राष्ट्रिय महाधिवेशन” भन्ने मुल नाराका साथ आगामी २०८२ बैशाख ०५ र ०६ गते काठमाण्डौको कीर्तिपुरमा सु-सम्पन्न हुन गईरहेको छ ।

**आदरणीय आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरु,**

मगरात राज्यको अन्त्यसंगै हाम्रो समुदायका हक अधिकार, संस्कार, संस्कृती र पहिचान माथि निर्मम आक्रमण सुरु भयो र वर्तमान व्यवस्थामा पनि फेरिंदो शैलीमा आज सम्म जारी नै छ । मगर मातृभाषा

बोलेकै कारण हाम्रा पूर्खाको बिब्रो काटिएको, कठोर यातना भोग्नु परेको दर्भाग्यपूर्ण इतिहास छ । अर्को तर्फ देशको लागी त्याग, समर्पण र बलिदानी दिने समयमा मगर समदायलाई उपयोग गर्ने तर, अधिकार र अवसरहरुमा बेवास्ता र बञ्चित गर्ने प्रवृत्ति व्याप्त छ । पछिल्लो ३०० वर्षको इतिहासलाई फर्केर हेर्ने हो भने एउटै जाती, धर्म, भाषाले शासन गरेको अवस्था छ । यस इतर जाती, धर्म, भाषा, संस्कार, संस्कृतिको अस्तित्व संरक्षणको बदला मेटाउन राज्य र यसका निकाय नै उद्धत रहेको पतित हुन्छ । एकल पहिचानयक्त नेपालको भ्रामक परिचयलाई बदल्द्र राज्यको हरेका तह र तप्कामा बहुपहिचानयुक्त अनुहार र आभाष दिलाउने शासन पद्धतिको खातिर गरिएका मगरात आन्दोलन, आदिवासी जनजाती आन्दोलन, पहिचानका आन्दोलनहरुले केही उपलब्धि अवश्य भएका छन् । यद्यपि, मगर समुदायको मुल मुद्धा पहिचानकासहितको संघियतालाई सम्बोधन नै नगरी संविधान जारी भयो । पहिचान र सामर्थ्यको आधार बिना हचुवाको भरमा संघिय सिमांकन गरियो । मगरात आदिम भुमीलाई योजनावद्ध हिसाबले बिभाजित गरियो । यसका विरुद्ध लामो समय आनदोलित समेत भयौं । मगरात मुद्धा थाती रहने अवस्थाको बिडम्बनापूर्ण परिस्थितिको नमिठो अनुभव र पाठ सँगालेर थप गतिशीलता र उपलब्धिको अभियानमा लागिरहेका छौं ।

गैर मगर समुदामा एउटा ठुलो भ्रम छ । मगर समुदायले उठाएको आवाज र आन्दोलन आफ्ना विरुद्ध छ भन्ने हो । हामी सम्पूर्णलाई यसै अपिल मार्फत प्रष्ट गर्छौं -'हामीले हाम्रो अधिकार मागेका हौं, अरु कसैको अधिकार खोसिनु पर्छ भनेका हैनौं ।' नेपालमा संविधान जारी भएको ९ वर्ष पुरा भएको छ । नयाँ संविधानमा गणतन्त्र, संघियता, समावेशी, समानुपातिक सहभागिता, धर्मनिरपेक्षता जस्ता ऐतिहासिक उपलब्धिको सुनिश्चितता भए पनि पछाडि परेका र पारिएका विभिन्न जातजाती, क्षेत्र र समुदायको माग अझै पूर्ण रुपमा सम्बोधन हुन नसकेको अवस्था छ । अतः संविधानमा पूर्णतः मगर समुदायको अपनत्व हुने अवस्था निर्माणका लागी अझ सुदृढ आन्दोलन, एकता र आवाज मखरित गर्नु आजको आवश्यकता हो ।

**आदरणीय विद्यार्थी साथीहरु,**

हाम्रो देशको वर्तमान शिक्षा प्रणाली अवैज्ञानिक, अव्यवहारिक छ । डिग्री गरेका युवाहरु पनि खाडी मुलुकमा श्रम गर्न बाध्य छन् । हातमा सर्टिफिकेट छ तर, रोजगार छैन । शैक्षिक बेरोजगार उत्पादन गर्ने यस्तो शिक्षा प्रणाली खारेज गरी वैज्ञानिक, व्यवहारिक, बहुभाषिक र संघीय शिक्षा प्रणालीको अभ्यास अपरिहार्य भइसकेको छ । आज पनि कैयौं बालबालिका मातृभाषा भनदा फरक भाषामा अध्ययन गर्दा सृजना हुने कठिनाईका कारण विद्यालय छोड्न बाध्य छन् । राज्यले जातीय बाहुल्यताका आधारमा न्युनतम आधारभूत तहसम्म मातृभाषामा अनिवार्य पठनपाठनको व्यवस्था गर्नुपर्छ । देशका १ प्रतिशत जनताले पनि नबोल्ने सँस्कृत भाषाको विश्वविद्यालय छ तर, ३७ प्रतिशत आदिवासी जनजाती, मधेशी लगायत बहुसंख्यकहरुको लागी बहुभाषिक आदिवासी विश्वविद्यलय स्थापना गर्न सकेको छैन । आदिवासी विश्वविद्यालय स्थापनाको माग पुरा गराउन हाम्रो पहल, दबाब, अभियान सहितको संघर्ष जारी छ । शिक्षामा ब्यापारिकरणको अन्त्य गर्दै सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरिय बनाउनुपर्छ । राज्यले निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्छ ।

हाम्रो मगरातको मुद्धा, पहिचानको आन्दोलन, मातृभाषामा अनिवार्य पठनपाठनको लागी गरिएको संघर्ष, जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व, वैज्ञानिक, संघीय शिक्ष प्रणाली र आदिवासी विश्वविद्यालय स्थापना लगायतका नेपाल मगर विद्यार्थी संघका सम्पूर्ण मुद्धाहरु सम्बोधन नभएसम्म हाम्रो पहल, संघर्ष र आन्दोलन जारी रहन्छ । यसका लागी संगठनलाई थप सुसंगठित, सशक्त र मजबुत बनाई आन्दोलनलाई प्रभावकारी ढङ्गले गति दिन हामी सबै एकजुट हुनुपर्छ । मगर समुदायको सशक्तिकरण, हक अधिकार सुनिश्चिततका लागी गर्नुपर्ने संघर्षको दायीत्व हामी मगर

विद्यार्थीहरुकै काँधमा रहेको छ। आफ्नो इतिहास लेख्ने यो महान अभियानमा सहभागी हुनको लागी सम्पूर्ण जुझारु, सिर्जनशील मगर यूवा विद्यार्थी साथीहरुलाई आह्वान गर्दछौं।
अन्त्यमा, संघको बाह्रौं राष्ट्रिय विस्तारित भेला भव्यताका साथ सफल बनाउन सम्पूर्ण मगर विद्यार्थीहरु, मगर संघको १२औं राष्ट्रिय महाधिवेशन धव्यताका साथ सफल बनाउन सम्पूर्ण मगर विद्यार्थीहरु, मगर संघ संस्था, अभिभावक, शिक्षक, सरकार, राजनैतिक दल, व्यवसायी, मजदुर, कृषक, कलाकार, पत्रकार, नागरिक समाज, बुद्धिजीवी, पेशाकर्मी, सुरक्षाकर्मी सबैमा आर्थिक, भौतिक, नैतिक तथा सै प्रकारका सहयोग, सल्लाह सुझाव र सद्भावका लागी १२औं राष्ट्रिय महाधिवेशन मुल आयोजक समिति हार्दिक अपिल गर्दछ।

**हाम्रा नाराहरुः**

-मगर एकता-जिन्दावाद !
- भाषिक समानता -कायम गर !
-मगरात स्वायत्त प्रदेश-जिन्दावाद !
- सम्पूर्ण मगर विद्यार्थीहरु-एक होऔं !
-नेपाल मगर विद्यार्थी संघ-जिन्दावाद !
- आदिवासी विश्वविद्यालय-स्थापना गर !
-१२औं राष्ट्रिय महाधिवेशन-सफल पारौं !
- राष्ट्रिय एकता र स्वाधिनताको -रक्षा गर !
-लोकसेवा आयोगमा भएको विभेद- अन्त्य गर !
- संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल-जिन्दावाद !
-ILO ६९ र UNDRIP पूर्ण रुपमा-कार्यान्वयन गर !
-शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरण -अन्त्य गर !
-शिक्षामा भगर विद्यार्थीलाई विशेष अधिकारको - व्यवस्था गर !
-प्रथम शहिद क्या. लखन थापा मगरलाई विभूती-घोषणा गर !
-वैज्ञानिक, व्यावहारिक र बहुभाषिक संघीय शिक्षा प्रणाली-लागु गर !
-संविधान संशोधनमार्फत पूर्ण समानुपातिक समावेशी व्यवस्था-लागु गर !

**मिति २०८१ माघ ०८ गते नेपाल मगर विद्यार्थी संघको केन्द्रीय समितिको ११औं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित समितिको हालसम्मको कामको विवरण**

- प्रशिक्षण सम्पन्न।
- स्थापना दिवशको अवसरमा सप्ताह व्यापी कार्यक्रम सम्पन्न। (रक्तदान, शैक्षिक सामग्री वितरण, फुटसल प्रतियोगिता, कार्यालय परिषर सरसफाई, शुभकामना आदानप्रदान)
- वतृत्वकला प्रतियोगिता सम्पन्न।
- लखन स्मृती दिवश भव्य रुपमा सम्पन्न।
- उच्च शिक्षाका लागि बैदेशिक गन्तव्य अवसर र चुनौती विषयक अभिमुखिकरण सम्पन्न। - जुममा
- क्यारियर काउन्सिलिङ कार्यक्रम सम्पन्न। -जुममा
- लोकसेवा एवं सार्वजनिक सेवा प्रवेश सम्बन्धि अभिमुखिकरण सम्पन्न। - जुममा
- समावेशी स्ववियू सम्बन्धि अन्तरक्रिया सम्पन्न।
- आदिवासी विश्वविद्यालय स्थापना सम्भावना र चुनौती सम्बन्धि अन्तरक्रिया सम्पन्न।
- शिक्षा विधयेकमा आदिवासी विद्यार्थीको सरोकार विषयक अन्तरक्रिया सम्पन्न।

- मगर आवाज प्रकाशन ।
- अरुण स्मृति सभा तथा पुरस्कार वितरण (२०८०मा प्रमुख अतिथि मा. सुदन किराती र २०८१ मा. बद्री पाण्डे) सम्पन्न ।
- १२औं राष्ट्रिय बिस्तारित भेला बर्दिवासमा मा. उपसभामुख ईन्दिरा रानामगरको प्रमुख आतिथ्यतामा सम्पन्न ।
- संस्था दर्ता, अक्षयकोष निर्माण र वेभसाईट निर्माणको काम प्रकृयामा रहेको छ ।
- ७ वटा पूर्ण बैठक सम्पन्न ।
- मताहत र मगर संघको विभिन्न कार्यक्रममा सहभागी भएको ।

## भावी योजनाहरु

**नियमित तर्फः** संगठन निर्माण, सुदृढीकरण, अभिमुखिकरण, बैठक, भेला, समारोह, प्रशिक्षण, अधिवेशन, विस्तारित बैठक तथा महाधिवेशन ।

**अतिक्ति तर्फः**

क) लोकसेवा लगायतका सेवा आयोग तयारी कक्षा संचालन

ख) छात्रबृती कोष निर्माण तथा बृद्धि

ग) सचेतनामुलक अडियो भिडियो निर्माण

घ) संस्था दर्ता गर्ने

ङ) मातृभाषामा भईरहेको आधारभुत शिक्षा, आदिवासी अध्ययन, मगर अध्ययन लगायतका बिषयमा सरोकारवालाहरुसंग सम्भावना र चुनौती बारेमा अध्ययन, अनुशन्धान र बहस पैरवी गर्ने ।

**दिर्घकालिन तर्फ**

क) मगर समुदायलाई सत प्रतिशत साक्षर र शिक्षित तुल्याउने ।

ख) आदिवासी विश्वविद्यालय स्थापना गर्ने ।

ग) पहिचान सहितको समृद्ध मगरात स्थापना गर्दै नेपाल राष्ट्रलाई समतामुलक, समुन्नत र समृद्ध बनाउने ।